(सत्रौं बैठक)

आज मिति २०८० जेठ १२ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा
२. सदस्य : श्री दिछेन शेर्पा
३. सदस्य : श्री साङवु लामा
४. सदस्य : श्री कुमार श्रेष्ठ
५. सदस्य : श्री निमा सोना शेर्पा
६. सदस्य : श्री टासी शर्पा
७. सदस्य : श्री दावा त्यम्वा तामाङ
८. सदस्य : श्री आङ छिरिङ शेर्पा
९. सदस्य : श्री बच्चु धतानी
१०. सदस्य : श्री जमुना थामी
११. सदस्य : श्री पम्फा वि.क.
१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते
१३. सदस्य : श्री निमि शेर्पा
१४. सदस्य सचिव : श्री भद्र बहादुर बस्नेत (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री गंगा प्रसाद पौडेल
- श्री पुष्पप्रसाद पराजुली
- श्री सपना उप्रेती (का.स)

**प्रस्तावहरु :**

१. वडा गत विपद व्यवस्थापन सामाग्री सम्बन्धमा ।

२. अतिथि सत्कार तथा अन्य खर्च भुक्तानीका लागि कार्यक्रम संशोधन सम्बन्धमा ।

३. विषयगत समितिको बैठक बस्ने सम्बन्धमा ।

४. शिक्षा समितिको बैठक निर्णय अनुमोदन सम्बन्धमा ।

५. अध्यक्ष ज्यूको जेनेभा भ्रमण स्वीकृत सम्बन्धमा ।

६. भोटेकोशी बहुमुखि क्याम्पस संचालन सम्बन्धमा ।

७. वडा नं. २ स्थित विपद भवन सपोर्ट वालमा लागेको अपुग खर्च सम्बन्धमा ।

८. विविध

**निर्णयहरु**

१) यस भोटेकोशी गाउँपालिका भौगोलिक रुपमा विकट तथा जोखिम रहेको साथै वर्षादको समयमा बाढि पहिरो लगायतका विपत जन्य जोखिमहरुका घटना हुने उच्च जोखिम रहेकोले यस भोटेकोशी गाउँपालिकाका ५ वटै वडामा विपद भएको वेला तत्काल उद्धार तथा रातहको लागि गाउँपालिकाले ५ वटै वडा कार्यालयका वडा विपद व्यवस्थापन समितिलाई विपद व्यवस्थापन, खोज उद्धार तथा राहत सामाग्री खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

२) निम्न खर्चको दायित्वको लागि निम्नानुसारका कार्यक्रम संशोधन गरी भुक्तानी दिने निर्णय गरियो ।

**घटाउने :**

- कर्मचारी पारिश्रमिक रु १७ लाख ५० हजार

**कार्यक्रम थप गर्ने :**

- अतिथि सत्कार शीर्षकमा रु ५ लाख २० हजार थप गर्ने (अरनिको भोटेकोशी रिसोर्टलाई भुक्तानी दिने),
- सवारी साधन मर्मतको लागि इलाका प्रहरी कार्यालय बाहविसेलाई रु २ लाख ३७ हजार ७ सय र सिमा प्रहरी कोदारी रु २ लाख ४२ हजार ३ सय भुक्तानी दिने,
- रेञ्ज गेज स्टेशन स्थापनाको लागि रु ७ लाख ५० हजार विनियोजन गर्ने,

३) आगामि आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र वजेट निर्माणको लागि यस भोटेकोशी गाउँपालिकाका सबै विषयगत समितिहरुको बैठक मिति २०८० जेठ १९ गते भित्र बस्न निर्देशन गर्ने निर्णय गरियो ।

४) यस भोटेकोशी गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७९ चैत्र २८ मा भएका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल :**

## प्रस्ताव तथा निर्णयहरु

- **विद्यालय समायोजन तथा एकिकरण सम्वन्धमा:** प्रस्ताव नं ४ माथि छलफल गर्दा यस पालिका अन्तर्गतमा विद्यालयहरुमा गाउपालिका अध्यक्ष, उपाध्यक्ष, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, विद्यालय निरिक्षक सहितको अनुगमन/निरिक्षण गर्दा विद्यार्थी संख्या न्युन देखिएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सार्वजिनक विद्यालय समायोजन एवम एकीकरण कार्यक्रम कार्यान्वयन कार्यीविधि २०७७ तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ११(ज) मा विद्यालयको नक्साङकन, अनुमति, स्वीकृति समायोजन तथा नियमन गर्ने व्यवस्था भएको, सार्वजनिक विद्यालय समायोजन एवम एकीकरण कार्यक्रम कार्यान्वयन कार्यीविधि २०७७ को ५(१) मा सडक यातायातको पहुँच भई स्कुल वस प्रयोग गरी विद्यालय आउन जान एकतर्फि आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालय समायोजन तथा एकिकरण गर्ने व्यवस्था भएको, ५(२) मा हिमाली क्षेत्रमा कक्षा ६-८ मा ३० जना र कक्षा ९-१० मा २० जना भन्दा कम विद्यार्थी भएमा विद्यालय समायोजन तथा एकिकरण गर्ने व्यवस्था भएको, शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ को (२०) मा शिक्षक विद्यार्थी अनुपात कम भएमा दरवन्दी मिलान तथा पुनर्वितरण गर्ने व्यवस्था भएको साथै मिति २०८० बैशाख २८ को शिक्षा समितिको सिफारिसको आधारमा आवधिक दरवन्दी तपसिल वमोजिम मिलान गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | शिक्षकको नाम | तह/श्रेणी/किसिम | हाल कार्यरत विद्यालय | दरवन्दी मिलान गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | पञ्जुमाया तामाङ | प्रा शि/तृतीय | महादेव आ वि | मार्मिङ मा वि | |
| २ | दिपक गौतम | प्रा शि/तृतीय | देउढुँगा आ वि | महादेव आ वि | |
| ३ | अनन्त कार्की | प्रा शि/तृतीय/ राहत | देउढुँगा आ वि | भिमसेन मा वि | |
| ४ | डोल्मा शेर्पा | नि मा शि/राहत | धनेश्वरी मा वि | थापीनारायण आ वि | |
| ५ | ग्याल्जेन शेर्पा | प्रा शि/राहत | भिमसेन मा वि | धनेश्वरी मा वि | |
| ६ | प्रदेश अनुदान | मा शि | धनेश्वरी मा वि | थापीनारायण आ वि | |
| ७ | संघीय अनुदान | मा शि | धनेश्वरी मा वि | थापीनारायण आ वि | |
| ८ | नि मा वि दरवन्दी | | धनेश्वरी मा वि | श्री उग्रचण्डी मा वि | |
| ९ | भक्त वहादुर लामा | नि मा शि/राहत | धनेश्वरी मा वि | श्री मार्मिङ मा वि | |
| १० | समिक्षा श्रेष्ठ कार्की | प्रा शि/राहत | श्री थापीनारायण आ वि | श्री भिमसेन मा वि | |

- **अनुमति सम्वन्धमा:** प्रस्ताव न ३ माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको च. न. ४३०, मिति २०८०/०१/०३ तथा शिक्षा विकास तथा समन्वय इकाई चौतारा, सिन्धुपाल्चोकको च. न. १२२१, मिति २०८०/०१/२४ को प्राप्त पत्र तथा मिति २०८०/०१/ २८ को शिक्षा समितिको सिफारिस अनुसार भोटेकोशी गाउँपालिका वडा न ५ त्याङथली मा सञ्चालित श्री भिमसेन माध्यमिक विद्यालय प्राविधिक धार अन्तर्गत कम्प्युटर इन्जिनियरिङको कक्षा ९ देखि १२ सम्म सञ्चालनको

प्रमाणित

लागी छनोट भएको हुँदा शैक्षिक सत्र २०८० वाट प्राविधिक धार तर्फ कम्प्युटर इन्जिनियरिङको कक्षा ९ सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।

- <u>काज सरुवा सम्वन्धमा</u> : प्रस्ताव नं ४ मा छलफल गर्दा गाउँपालिकाको शिक्षा नियमावली,२०७५(पहिलो संशोधन) को नियम ६० उपनियम ६(ग) वमोजिम तथा मिति २०८० बैशाख २८ को शिक्षा समितिको सिफारिस अनुसार यस पालिकाको वडा नं ४ मा संचालित श्री सेतीदेवी आ.वि. मा कार्यरत प्रा.शि./करार/तृतीय श्री विजय पौडेल लाई वडा नं ४ को श्री थापीनारायण माध्यमिक विद्यालमा र श्री गोल्ची आ.वि मा कार्यरत प्रा.शि./स्थायी/तृतीय श्री ललिता श्रेष्ठलाई मार्मिङ मा.वि. मा काज सरुवा गर्ने निर्णय गरियो ।

५) यस भोटेकोशी गाउँपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको जेनेभा भ्रमण आर्थिक दायित्व व्यहोर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

६) यस भोटेकोशी गाउँपालिकाको शिक्षा क्षेत्रको विकास मार्फत आम नागरिकलाई सर्वसुलभ ढंगले गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उदेश्यले भोटेकोशि गाउँपालिका भित्र क्याम्पस नभएकोले यस गाउँपालिका नागरिकहरुले उच्च शिक्षा हासिल गर्न अन्यन्त्र जानुपर्ने तर १२ कक्षा अध्ययन पश्चात गरिवीका कारण अन्यन्त्र गई अध्ययनलाई निरन्तरता दिन नसक्ने बाध्यात्मक अवस्था रहेकोले **भोटेकोशी बहुमुखि क्याम्पस** वडा नं ५ चाकुमा आगामी शैक्षिक सत्रबाट संचालन गर्ने गरी त्रिभुवन विश्वविद्यालयसंग संम्बन्धन लिने प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

७) भोटेकोशी गाउँपालिकाको वडा नं २ स्थित विपद भवन सपोर्ट वाल निर्माणका लागि अपुग खर्च रु १ लाख ५० हजार मात्र प्राविधिक शाखाबाट सिफारिस भएको बील अनुसार विपत व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

८) <u>विविध</u>

क) यस भोटेकोशी गाउँपालिकामा भएको गरिव घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि गुनासो सुनुवाई समितिबाट पेश भएको २८७ गरिव घर परिवारको विवरण सम्बन्धित मन्त्रालय/कार्यालयलाई सिफारिस गरि पठाउने निर्णय गरियो ।

ख) यस भोटेकोशी गाउँपालिकामा आवधिक योजना निर्माणको लागि तपसिल बमोजिम वडा स्तरीय प्रारम्भिक छलफल तथा बैठक गर्ने निर्णय गरियो ।

तपसिल

- वडा नं १ मा २०८० जेठ १६
- वडा नं २ मा २०८० जेठ १४
- वडा नं ३ मा २०८० जेठ १५
- वडा नं ४ मा २०८० जेठ १७
- वडा नं ५ मा २०८० जेठ १८

ग) यस भोटेकोशी गाउँपालिकाको फोहोरमैला व्यवस्थापनको लागि गाउँपालिकाको वडा नं. ५ नयाँ पुल देखी वडा नं. ४ को खकुण्डोल सम्म (अरनिको हाइवेको आसपासका) बासिन्दालाई

प्रमाणित

पायक पर्ने काठमाडौबाट १०३ किलो सडक खण्डको तल्लो भाग तथा भोटेकोशी नदि आसपासको क्षेत्रमा डम्पिङ साइड निर्माण गर्ने निर्णय गरियो ।

घ) यस भोटेकोशी गाउँपालिकाको सरोकार समिति र भोटेकोशी गाउँपालिकामा भएका हाइड्रो पावर, द लास्ट रिसोर्ट वीच छलफल २०८० जेठ २२ गते गर्ने निर्णय गरियो ।

ङ) यस भोटेकोशी गाउँपालिकाले छिमेकी देश लगायत अन्य अन्तराष्ट्रिय समुदायहरु/स्थानीय सरकारहरु सगँ सम्बन्ध प्रवर्धनको लागी सम्झौता बमोजिमको रु ४ लाख ९६ हजार ७० रुपैया भुक्तानी दिने निर्णय गरियो ।

च) यस भोटेकोशी गाउँपालिकाकोको तातोपानीबाट काठमाडौ सम्मको लागि सार्वजनिक यातायात (अरनिको यातायात) संचालनमा रहेको छ । सो यातायात सेवाले यस भोटेकोशी गउँपालिकाका आम नागरिक, सेवाग्राही, राष्ट्रसेवक कर्मचारी, बैक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारी तथा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई समेत छिटो, छरीतो तथा गुणस्तरीय सार्वजनिक यातायात सेवा प्रदान नगरेको भन्ने गुनासो प्राप्त भएकोले तातोपानी काठमाडौ चल्ने सार्वजनिक यातायातलाई व्यवस्थित बनाई छिटो, छरितो, गुणस्तरीय तथा सेवाग्राही मैत्री बनाउन सम्बन्धित कार्यालय (सरोकारवाला यातायात प्रा.लि.) लाई पत्राचार गर्ने तथा आवश्यक छलफल गरी सार्वजनिक यातायात सेवालाई सहज र सेवाग्राही मैत्री बनाउने निर्णय गरियो ।

छ) गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको शुरु लागत अनुमान रु ७५५६७०६४/४६ मा भेरियसन २ अनुसार ४.१२ प्रतिशत ले घटी भई संशोधित लगत इस्टिमेट रु ७२४५४९०२ र कार्य सम्पादन प्रतिवेदन अनुसार शुरु संझौता रकम रु ५९२६६१९६ मा ६.१२ प्रतिशतले घटी रु ५५५३०२९६.४४ मा भवन निर्माण कार्य सम्पन्न पेश भएकोले उक्त भेरियसन अनुमोदन गरी भुक्तानीको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(समाप्त)

बैठक प्रमाणित
२०८०।२।१२